का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ फागुन २०८०,
बिहीबार
7 March 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २३ । पृष्ठ १४
Madhyanha National Daily
www.madhyanhadaily.com

# प्रचण्डको नयाँ टिम

**१० पुस २०७९ को टिम छोटो समयमै फेरेका प्रधानमन्त्री प्रचण्डले तेस्रो पटक नयाँ समीकरणअनुसार गठबन्धनमा आबद्ध राजनीतिक दलहरुबाट नयाँ सारथीहरु चयन गरेका हुन् ।**




**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

नयाँ गठबन्धनका आधारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद पुनर्गठन गरेका छन् ।

कांग्रेस नेतृत्वको सत्ता गठबन्धन भत्काएर नयाँ गठबन्धन बनापछि मन्त्रिपरिषद पुनर्गठन भएको हो । प्रचण्ड नेतृत्वको मन्त्रिपरिषदमा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा (एकीकृत समाजवादी) सहभागी छन् ।

एमाले उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठको नेतृत्वमा सरकारमा सहभागी छ । एमालेबाट मन्त्री हुने अन्यमा पदम गिरी कानून, न्याय तथा संसदीय मामिलामन्त्री भएका छन् । हरि उप्रेती रक्षामन्त्री, भगवती चौधरी महिला, बालबालिका तथा समाज कल्याणमन्त्री, राजेन्द्र राई खानेपानी तथा सरसफाइमन्त्री, दामोदर भण्डारी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, ज्वालाकुमारी साह कृषि तथा पशुपन्छी विकासमन्त्री र बलराम अधिकारी भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारणमन्त्री भएका छन् ।

रास्वपाबाट पार्टी सभापति रवि लामिछाने उपप्रधान तथा गृहमन्त्री बनेका छन् । डीपी अर्याल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री, विराजभक्त श्रेष्ठ युवा तथा खेलकूदमन्त्री र सुमना श्रेष्ठ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री भएका छन् ।

माओवादीबाट नारायणकाजी श्रेष्ठ उपप्रधान तथा परराष्ट्र मन्त्री बनेका छन् । उनी यसअघि उपप्रधान तथा गृहमन्त्री थिए । वर्षमान पुन अर्थमन्त्री, शक्ति बस्नेत ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री, रेखा शर्मा सञ्चार तथा सूचना प्रविधिमन्त्री र हितबहादुर तामाङ संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री भएका छन् ।

यीमध्ये माओवादीका हितबहादुर तामाङ, एमालेका पदम गिरी र रास्वपाका डीपी अर्यालले सोमबारै शपथ लिइसकेका थिए । अन्य मन्त्रीले बुधबार शितलनिवासमा आयोजित समारोहमा शपथ लिएका हुन् ।

एकीकृत समाजवादीबाट भानुभक्त जोशी र धनबहादुर बुढा मन्त्री बनेका छन् । जोशीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बुढाले शहरी विकास मन्त्रालय पाएका छन् ।

## गृहमै फर्किए रवि

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने एक वर्षपछि पुनः गृहमन्त्रालयमा फर्किएका छन् । २०७९ पुस १० मा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वको सरकार गठन हुँदा उनी पहिलो पटक गृहमन्त्रालयको कमाण्ड सम्हाल्न पुगेका थिए ।

संसदको चौथो ठूलो दल भए पनि संयुक्त सरकार गठनमा महत्वपूर्ण भूमिका भएकाले निकै जोडबल गरेर रविले उपप्रधान तथा गृह मन्त्रालयको नेतृत्व सम्हाल्ने अवसर पाएका थिए ।



त्यतिबेला सरकारको नेतृत्व गरेको माओवादीले नै गृहमन्त्रालय लिन चाहेको थियो । तर, गृहबिना सरकारमा नबस्ने उनको चेतावनीपछि प्रधानमन्त्री प्रचण्ड गृह दिन बाध्य भएका थिए ।

निकै रहर गरि पाएको मन्त्रालयमा रवि ३२ दिन मात्रै बस्न पाए । लामो समय अमेरिका बसेर नेपाल फर्किएका उनले कानुन बमोजिम नेपाली नागरिकता पुनःप्राप्तिको प्रक्रिया पुरा नगरेको भन्दै सर्वोच्च अदालतले २०७९ माघ १३ मा उनको सांसद पद खारेज गरिदिएको थियो । त्यससँगै उनको गृह मन्त्री र पार्टी सभापति पद पनि गुमेको पृष्ठ २ मा

## मुनाफारहित विश्वविद्यालय बनाउने प्रस्ताव

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ फागुन ।

प्रस्तावित नेपाल विश्वविद्यालयलाई मुनाफारहित बनाउन प्रस्ताव गरिएको छ । सरकारले गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्नका लागि नेपाल विश्वविद्यालय विधेयक ल्याएको छ ।

राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा दफावार छलफलमा रहेको विधेयकमाथि संशोधन प्रस्ताव गर्दै सांसदहरुले नेपाल विश्वविद्यालयलाई मुनाफारहित बनाउने भनेका हुन् । सांसदहरु महेश बर्तौला, ठाकुरप्रसाद गैरे, विद्या भट्टराई, गोकुल बास्कोटा, सरिता भुसाल, दीपा शर्मा, इश्वरी घर्ती र हरिप्रसाद उप्रेतीले यस्तो प्रस्ताव गरेका हुन् ।

> सरकारले गैरसरकारी क्षेत्रमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्नका लागि नेपाल विश्वविद्यालय विधेयक ल्याएको छ । त्यसमा संशोधन प्रस्ताव दर्ता गर्दै सांसदहरुले मुनाफारहित बनाउने भनेका हुन् ।

प्रस्तावित विधेयकको दफा ३ मा विश्वविद्यालय स्थापना सम्बन्धी व्यवस्था छ । जहाँ अन्तरविधात्मक अवधारणा (लिबरल आर्टस्) मा आधारित बहुविधागत गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान मार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानवस्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तक गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुर्‍याउन मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयको रुपमा नेपाल विश्वविद्यालय स्थापना गर्ने भनिएको छ ।

तर, राष्ट्रिय सभाले यो प्रस्तावित व्यवस्थामा रहेको 'मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयको रुपमा' भन्ने शब्द झिकेर विधेयक पारित गरेर प्रतिनिधि सभामा पठाएको छ । राष्ट्रिय सभाले झिकेका शब्दहरु थप गर्नुपर्ने एमाले सांसदहरुको प्रस्ताव छ ।

'विधेयक (राष्ट्रिय सभाकबाट पारित भएको विधेयकको प्रतिवेदन)को दफा ३ को उपदफा १ मा 'मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्र' भन्ने व्यवस्था थप गर्नुपर्ने' एमाले सांसद ठाकुर गैरेको प्रस्ताव छ । एमालेका बाँकी ७ जना सांसदले भने विधेयकको दफा ३ को उपदफा १ 'मुनाफा रहित' भनी लेख्नुपर्ने व्यवस्था प्रस्ताव गरेका छन् ।

सांसदहरुले राखेको संशोधन प्रस्ताव स्वीकृत भएको खण्डमा लिबरल आर्टस्मा आधारित मुनाफा रहित नेपाल विश्वविद्यालय स्थापना हुनेछ ।

२० मंसिर २०७९ मा दर्ता भएको यो विधेयक १८ असार २०८० मा राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधि सभामा पठाएको थियो । हाल यो विधेयक प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलमा छ ।

नवनियुक्त शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले समग्र शिक्षामै सुधारका लागि पहल गर्ने प्रतिवद्धता जनाएकी छन् । बुधबार सिंहदरबारस्थित कार्यालयमा पद बहाली गर्दै मन्त्री श्रेष्ठल मुलुकका ११ वटै विश्वविद्यालयका कुलपतिमा प्रधानमन्त्री र सहकुलपतिमा शिक्षामन्त्री पदेन रहने विद्यमान व्यवस्था हटाउन पहल गर्ने पनि बताएकी छन् । हाल कुलपति प्रधानमन्त्री र सहकुलपति शिक्षामन्त्री हुने व्यवस्था छ ।

युवाहरू उच्च शिक्षाका लागि किन विदेश जान्छन् भन्ने विषयमा सर्वेक्षण गरी नीतिगत निर्णय लिने, शिक्षामा सुधार गर्न तथा अन्य सवालमा मन्त्रालयका अधिकारीसँग छलफल गरी प्राथमिकताका विषय तय गर्ने उनको प्रतिवद्धता छ । मन्त्री श्रेष्ठले संसदीय समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० लाई प्रदेश स्तरमा छलफलमा लैजाने समितिको निर्णयलाई सहजीकरण समेत प्रतिवद्धता जनाएकी छन् ।

## वैदेशिक रोजगार विशेष

### मन्त्रालयमाथि कुनै पनि प्रश्न नउठ्ने गरी काम गर्ने नवनियुक्त श्रममन्त्री अर्यालको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले मन्त्रालयमाथि कुनै पनि प्रश्न नउठ्ने गरी काम गर्ने प्रतिबद्धता जनाएका छन् । बुधबार साँझ पौने नौ बजे मन्त्रालयमा पदवहाली गरेका नवनियुक्त श्रममन्त्री अर्यालले मन्त्रालयका कर्मचारीसँग समन्वय र सहकार्य तथा अनुभवी विज्ञको सुझाव लिएर काम गर्ने आफ्नो योजना सुनाउँदै बोलेर भन्दा पनि कामले प्रभाव देखाउनुपर्ने अवस्था रहेको बताए ।

पदवहालीका क्रममा उनले भने, 'म सबैको सुझावलाई मध्यनजर गर्ने लिबरल एप्रोच



राख्ने मान्छे हुँ । सबैको सुझावलाई मनन गर्नेछु ।'

उत्कृष्ट नागरिक सेवा नै आफ्नो प्रमुख ध्येय रहेको भन्दै मन्त्री अर्यालले खुट्टा तान्ने प्रवृत्तिबाट टाढै रहने र सबै कर्मचारीलाई समान व्यवहार गर्ने बताए । मन्त्री अर्यालले आफ्नो अघिल्लो कार्यकालमा गुनासो व्यवस्थापन र सेवा प्रभावकारी बनाउनका लागि सार्वजनिक गरेको 'श्रमाधन' कार्यक्रमलाई यसपटक थप प्रभावकारीरूपमा सञ्चालन गर्ने बताए । त्यसअघि मन्त्री अर्याललाई मन्त्रालयका उच्च अधिकारीहरूले स्वागत गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का पृष्ठ २ मा

### चोभारमा मञ्चको वनभोज

**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले राजधानीको चोभारमा बृहत् वनभोज कार्यक्रम आयोजना गर्ने भएको छ । चैत २ गते शुक्रबार हुने वनभोज कार्यक्रममा वैदेशिक रोजगार विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरूसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी तथा




कार्यसमिति सदस्यहरू र वैदेशिक रोजगार व्यवसायीका विभिन्न जातीय तथा भेगीय घटक संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूलाई आमन्त्रण गरिएको पृष्ठ २ मा

# अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १२ जना पक्राउ

**काठमाडौं/मस-** विभिन्न जिल्लाबाट लागुऔषधसहित १२ जना पक्राउ परेका छन्। सुनसरी इटहरी उपमहानगरपालिका-४ स्थित द प्रिन्ट्स ट्याटु हाउसबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय ८० मिलिग्रामसहित ट्याटु हाउसका सञ्चालक सोही उपमहानरपालिका-४ डम्फु चोक बस्ने धनकुटा छथर गाउँपालिका घर भएका मनिष लिम्बुलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। प्रदेश प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरीले ट्याटु हाउस तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो। यस्तै बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ५ सय मिलिग्रामसहित हुम्ला चङ्खेलि गाउँपालिका-२ घर भएका ३५ वर्षीय अंग बहादुर शाहीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

यसैगरी बाँके, नेपालगंज उपमहानगरपालिका-१६ चौलिका चोकबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १०३ ग्राम ३ सय मिलिग्रामसहित ३ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत बहराईच मुसेला सलार थाना बस्ने २१ वर्षीय ईरफान कुरेसी, २७ वर्षीय मोहम्मद खलि खाँ र १६ वर्षीय किशोर रहेका छन्। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको युपी ३२ डीके नम्बरको कारलाई जाँच गर्ने क्रममा कारमा सवार उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

झापा, अर्जुनधारा नगरपालिका-११ नयाँबसपार्कबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ८ सय मिलिग्राम र गाँजा ७० ग्राम ५ सय मिलिग्रामसहित सोही ठाउँ बस्ने ३५ वर्षीया अप्सना भन्ने निसा खातुनलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट नयाँबसपार्कबाट खटिएको प्रहरीले उनलाई उक्त परिमाणको लागुऔषधसहित पक्राउ गरेको हो।

## गृहमै...

थियो। सर्वोच्चको आदेशले सांसद पद गएपछि गत बैशाखमा चितवन-२ मा उपनिर्वाचन भएको थियो। लामिछाने दोस्रो पटक पहिले भन्दा बढी मतले बिजयी भएका थिए। पहिलो पटक छोटो कार्यकाल गृहमन्त्री भएका रविले छाप छाड्ने गरि भने कुनै राम्रो काम गरेका थिएनन्। बरु राष्ट्रिय परिचयपत्रको ठेक्का निजी कम्पनीलाई दिने उनको निर्णय विवादित बनेको थियो। उनीपछि गृहमन्त्री बनेका नारायणकाजी श्रेष्ठले उक्त निर्णय खारेज गरिदिएका थिए।

फेरि पुरानै जिम्मेवारीमा फर्किएका रविलाई अब यस्ता विवादित विषयमा जोगिएर काम गर्ने चुनौती छ। त्यस्तै पछिल्लो समय चरममा पुगेको मिटरब्याज पीडित र सहकारी पीडितको संकट उनले समाधान उनले गर्नुपर्ने छ। अर्कोतिर, सहकारीको रकम हिनामिनामा उनको नाम पनि नाम जोडीएकाले यसमा उनको परीक्षण हुने छ। यद्यपि दोस्रो पटक गृहमन्त्रालयमा कार्यभार सम्हाल्दै लामिछानेले कुनै पनि अनुसन्धानलाई प्रभावित पार्ने काम आफू र आफ्नो पार्टीले नगर्ने प्रतिवद्धता जनाएका छन्। न्याय माग्न मन्त्री भेट्नैपर्ने बाध्यताको अन्त्य गर्ने प्रतिवद्धता जनाएका उनले निवर्तमान गृहमन्त्री श्रेष्ठले सुरु गरेको व्यक्तिका नाममा गएको सरकार जग्गा फिर्ता ल्याउने कामलाई निरन्तरता दिने प्रतिवद्धता जनाएका छन्।

## मन्त्रालयमाथि...

उपाध्यक्ष अर्याल खस वर्गबाट पार्टीको समानुपातिक तर्फका प्रतिनिधि सभा सदस्य हुन्। नवनियुक्त मन्त्री अर्याल गत वर्ष वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा पनि श्रममन्त्री नै थिए। सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नागरिकता अवैध घोषित गर्दै उनलाई सबै सार्वजनिक पदबाट हटाएपश्चात अर्याल छोटो समयका लागि राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यवाहक सभापति र संसदीय दलको नेता पनि नियुक्त भएका थिए। तर त्यसपछि राजनीतिक समीकरण बदलिएपछि अर्यालसहित रास्वपाबाट मन्त्री भएका सबैले राजीनामा दिएका थिए। सभापति लामिछानेले नेपाली नागरिकता पुनः प्राप्त गरेको दुई दिनपछि अर्यालले अध्यक्ष लामिछानेलाई दुवै पद हस्तान्तरण गरेका थिए।

एक वर्षपछि श्रम मन्त्रालयमा दोहोरिएका नवनियुक्त मन्त्री अर्याल पनि यसअघिका मन्त्री शरतसिंह भण्डारी जस्तै फ्रि भिसा फ्रि टिकटको निर्णय अव्यवहारिक रहेको मान्यतामा छन्। वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलायमान भएको भएपनि प्रमुख दलहरू अर्थ र गृह मन्त्रालय कसले लिने भन्ने पेचिलो छलफलमा लागि रहेको बेला संसदमा नयाँ शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष अर्यालले दोहोऱ्याएर श्रम मन्त्रालयको नेतृत्व लिनुलाई धेरैले सकारात्मक रूपमा लिएका छन्। तर कतिपयले रास्वपा उपाध्यक्ष अर्याल पार्टीको आर्थिक स्रोत व्यवस्थापनको जिम्मेवारीमा समेत रहेकाले त्यसको असर मन्त्रालयका नीति निर्माणमा पर्ने त होइन? भनि प्रश्न समेत उठाएका छन्।

## चोभारमा...

मञ्चका अध्यक्ष जनक रावलले बताए। व्यवसायीबीच आपसी एकता तथा भाइचाराको सम्बन्ध र भावना बलियो बनाउने उद्देश्यले नयाँ प्रक्रियाको थालनीका रूपमा वनभोज कार्यक्रम राखिएको अध्यक्ष रावलले बताए। वनभोज कार्यक्रमले कला संस्कृतिको संरक्षण र व्यवसायीलाई तनावमुक्त भइ रचनात्मक एवं सिर्जनात्मक कार्यमा अग्रसर हुने प्रेरणा मिल्ने भन्दै अध्यक्ष रावलले गत वर्षको भन्दा बृहत् र व्यवस्थित ढंगबाट कार्यक्रम आयोजना गरिने दाबी गरे।

मञ्चका कोषाध्यक्ष शीतल मैनालीले कार्यक्रममा वरिष्ठ हास्य कालाकार मनोज गजुरेल, वरिष्ठ लोक दोहोरी गायक बद्री पंगेनी, कलाकार हरि डाँगी, गायिका ईश्बु सन्ज्याल, हास्य कलाकार सुवोध गौतम, दिपेन्द्र प्रसाईंलगायतको गीत तथा सांगीतिक प्रस्तुति तथा प्रहसन रहने जानकारी दिए। मञ्चले गत वर्ष सोही ठाउँमा आयोजना गरेको वनभोज कार्यक्रममा दुई सयको हाराहारीमा व्यवसायी सहभागी भएका थिए।


# Cuprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनी.- C. & Private Employment Agency -Lic. No.310, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८०।११।२३ चलानी नं. ६०२१६०५५ LT.No. 301126

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 05 | 15 | काममा दक्ष | 400 | ५७,४४८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनी.- Medeon International Placement Agency Ltd, Larnaca, Cyprus पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०८०।०२।०४ चलानी नं. ६०२०१६१९ LT.No. 286310

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman/Barmaid | 01 | - | काममा दक्ष | 700 | १००,५३४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook | 02 | - | | 700 | १००,५३४।- | | | | | | | |
| 3 | Waiter | 03 | 02 | | 600 | ८६,१७२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिने | रोजगारवालाले व्यहोर्ने | कामदार आफैं | बिमा हुने प्रिमियम रोजगारवालाले | रोजगारवालाले व्यहोर्ने | रोजगारवालाले व्यहोर्ने | कामदार आफैंले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु ३५,०००/- |

अन्तर्वार्ता २०८० चैत्र १ गते (14 March 2024) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनेछ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्री पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुनछ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौंमा सम्पर्क राख्नु होला।

Kosh Overseas Pvt. Ltd.
इजाजत नं. १५०६।०७४।७५
Seti Opi Marg, Koteshwor-32, Ktm, Ph no. 01-4537535, 4537536, 9851197732


# अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले (भारत)बाट पौठारी गरेको देहायको माल वस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रतिइकाई अधिकतम खुद्रा मुल्य (MRP) | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | चिम्नी | | Faber | Hood Bonito 3D IND HC SC FL BK 90 | भारत | 1 | 26800.00 | |
| २ | चिम्नी | | Faber | Hood Ellora 3D IN HC SC BF BK 90 | भारत | 1 | 37500.00 | |
| ३ | चिम्नी | | Faber | Hood Cygnus IN 3D HC SC FL BK 90 | भारत | 1 | 37500.00 | |
| ४ | चिम्नी | | Faber | Hood Sunny IN HC SC FL LG 90 | भारत | 1 | 28000.00 | |
| ५ | चिम्नी | | Faber | Hood Polo IN HC SC BK 90 | भारत | 1 | 24182.00 | |
| ६ | ओभव | | Faber | FOTG BK 24L | भारत | 1 | 14900.00 | |
| ७ | ओभव | | Faber | FOTG BK 34L | भारत | 1 | 16500.00 | |
| ८ | चिम्नी | | Faber | Hood Magnus IN HC SC FL EBK 90 | भारत | 1 | 32400.00 | |
| ९ | ओभव | | Faber | Oven Toaster Griller FOTG 45L | भारत | 1 | 20000.00 | |

**बिक्रेताफर्मको नाम :** आर.के. ओभरसिज  **ठेगाना :** विराटनगर-५, मोरङ
**थाई लेखा नं. :** 613268741  **फोन नं. :** 9852025891

# Karnali Province Government
## Ministry of Physical Infrastructure and Urban Development
## Infrastructure Development Directorate
## Infrastructure Development Office (IDO)
**Rukum West, Nepal**

### Invitation for Bids

**IFB No: 05-080/081**
**Date of First Publication: 2080/11/24 (7th March, 2024)**

1. Infrastructure Development Office (IDO), Rukum West invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S.N | Contract Identification Number | Work Description | Estimated Amount with Out VAT & PS (NRs.) | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Bid Validity Period / Bid Security Period |
|---|---|---|---|---|---|---|
| 1 | IDO/RKM/NCB/W/2080/081/34 | Construction of Kotgau-Kalika Mandir-Damaibara Motor Road | 34,04,331.74 | 100000 | 3000 | 90 days/120 days |

2. Eligible Bidders may obtain further information at the office of ***Infrastructure Development Office, Rukum West Phone No:- 088-401138*** **Or may visit PPMO e-GP System** **www.bolpatra.gov.np/egp**.

**Office Chief**

# भुलसुधार

मिति २०८०/११/२३ गते यस दैनिकमा प्रकाशित, मलेसियामा रोजगार शिर्षक कम्पनीको नाम : COUNTRY CAFE SDN BHD, पूर्व स्वीकृत मिति: २०८०/०८/२१, चलानी नं.: **६०१९२८७७**, र LT. No.: 277274 को पून विज्ञापनमा कामदारको पद Restaurant Crew पुरुष माग संख्या ४५ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Itahari : 9816368105 | 9810591900, Janakpur: 9801046354 | 9801046355
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal

# माइग्रेसन र ट्रान्सक्रिप्ट हरायो

धनगढी चौराहादेखि शिवनगरसम्म अटोमा जाने क्रममा मिति २०८०/०४/१८ गतेका दिन बझाङ जिल्ला केदार स्यूँ गाउँपालिका वडा नं. ९ निवासी **आकाश गिरी**को कक्षा १२ को माइग्रेसन र ट्रान्सक्रिप्ट (Symbol No. 92701611) हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले Phone No. 9869193307 मा सम्पर्क गरिदिनु होला।

# केपिलासगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बाक्सिला, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ॥॥

सूचना प्रकाशित मिति २०८०/११/२४

यस कार्यालयबाट मिति २०८०/१०/१२ गते प्रकाशित ठेक्काको सूचना अनुसार निर्धारित समयभित्र रितपुर्वक रुपमा पेश भएका ठेक्काहरुमा यस कार्यालयको मूल्यांकन समितिको निर्णयानुसार तपसिलका बोलपत्रदाता कम्पनिले पेश गरेको बोलपत्र न्यूनतम र शारभुत रुपमा प्रभावग्राही ठहर भएको हुँदा बोलपत्र स्वीकृत गरि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रू (भ्याट बाहेक) |
|---|---|---|---|
| 04/KRM/GOODS/MD/2080/81 | Supply and Delivery of Medicines and Surgical Items. | Candela Medi Concern, Kalanki-14, Kathmandu | **802095.90\|-** |

**प्रमुख प्रशासकीय अधिकृत**

# Belaka Municipality
## Office of Municipal Executive
**Rampur, Udayapur**
**Koshi Province, Nepal**

### Letter of Intent to award the contract

**Date of Publication: 2080.11.24**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of following project to the following substantially responsive lowest evaluated bidder. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 33 of bidding document and this notice is published as per PPA, 2063 clause 27.2.

| S. N. | Name of Project | Contract Identification No. | Name and address of successful Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction of Compound wall and Truss shed at Belaka Municipality ward No:-2, Bhagalpur | 04/BELAKA/SQ/W/2080-081 | Bajrangbali Contruction, Tirahut-5, Saptari | 14,10,371.64 |
| 2 | Construction of Compound wall at Belaka Municipality Ward No:-3, 4 and 6 | 05/BELAKA/SQ/W/2080-081 | Belaka Rajarani Construction and Suppliers Pvt. Ltd. Belaka-2, Udayapur | 14,51,604.66 |
| 3 | Construction and Upgrading of Playground at Belaka Municipality Ward No:-5 and 8. | 06/BELAKA/SQ/W/2080-081 | Santanaina Nirman Sewa, Belaka-8, Udayapur | 16,27,311.75 |
| 4 | Construction and Upgrading of Lalbazar-Ghareghat Road. | 07/BELAKA/SQ/W/2080-081 | Maa chandra/B& B Nirman Sewa J/V, Belaka Municipality-4, Udayapur | 1,00,88,550.66 |

**Chief Administrative Officer**

# अमरगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकासित मिति : २०८०/११/२४**

देहायको निर्माण कार्यको लागी दर्ता भएका बोलपत्रहरु मध्येतपसिल बमोजिमको बोलपत्र पत्रदाताको कबोल अङ्क सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सि.नं. | बोलपत्र नं. | आयोजनाको नाम र ठेगाना | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT र PS बाहेक ) |
|---|---|---|---|---|
| 1. | **AM/DDL/WORKS/NCB/05-2080/81** | Construction of Ugratara health Post Building, Amargadhi Municipality Ward no. 07, Dadeldhura | Saino-Bhumiraj Kedar JV, Aalital 01, Amargadhi 05 Dadeldhura | **13546877** (One Crore Thiry Five lakhForty Six Thousand Eight Hundred and Seventy Seven Rupees only) |

# अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशन गरिएको सुचना

यस फर्म/कम्पनीले थाईलैण्डबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिल

| S.NO. | GOODS ITEM DETAIL | TYPE | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY. | RATE PER PICES | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DIGITAL CAMERA | DSLR | NIKON | Z-8 BODY | THAILAND | 45.7MP | PCS | NPR | 550,990 |
| 2 | DIGITAL CAMERA | DSLR | NIKON | D-7500 KIT 18-140VR | THAILAND | 20.9MP | PCS | NPR | 152,990 |
| 3 | DIGITAL CAMERA | DSLR | NIKON | ZF BODY | THAILAND | 24.5MP | PCS | NPR | 289,490 |

SELLER : PRIMAX INTERNATIONAL INC  PAN NO. 300047253
ADDRESS: NEW ROAD, KATHMANDU  PH: 014248407

# सुर्खेतको सिम्ता गाउँपालिकामा ८४ लाख भ्रष्टाचार, ११ जनाविरुद्ध मुद्दा

**काठमाडौं/मस–** सुर्खेतको सिम्ता गाउँपालिकाका तत्कालीन अध्यक्ष कविन्द्र कुमार केसीसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

सुर्खेतको सिम्ता गाउँपालिका-५ स्थित आली भन्ने स्थानमा निर्माण भएको हाइटेक नर्सरीमा ८४ लाख ८६ हजार ६४२ रुपैयाँ भ्रष्टाचार भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारको अनुसन्धानपछि भ्रष्टाचार भएको तथ्य फेला परेपछि सिम्ता गाउँपालिकाका तत्कालिन अध्यक्ष केसीसहित डिभिजन वन कार्यालय सुर्खेतका तत्कालीन डिभिजनल वन अधिकृत गोविन्दप्रसाद दाहाल, तत्कालीन सहायक वन अधिकृत टेकबहादुर रावल, तत्कालीन लेखापाल लक्ष्मीकुमारी थापा क्षेत्री मुद्दा दायर गरिएको छ ।

यस्तै, सिम्ता सब-डिभिजन वन कार्यालयका तत्कालीन रेन्जर कमल चित्रकार र भोजप्रसाद उपाध्याय, सिम्ता हाइटेक नर्सरी



उपभोक्ता समितिका अध्यक्ष जगत महतरा, उपभोक्ता समितिका सचिव चन्द्रप्रकास थापा, उपभोक्ता समितिका कोषाध्यक्ष मिना पोखरेल हमाल, नाफ सिड्स प्रालीका सञ्चालक गौतम महर्जन र सिम्ता गाउँपालिका-५ का तत्कालिन वडाध्यक्ष मोहनकुमार बिसीविरुद्ध मुद्दा दायर भएको अख्तियारले जनाएको छ ।

सुर्खेतको सिम्ता गाउँपालिका-५ स्थित आली भन्ने स्थानमा निर्माण भएको हाइटेक नर्सरीमा भ्रष्टाचार भएको दाबीसहित परेको उजुरीमा अख्तियारले अनुसन्धान शुरु गरेको थियो ।

अनुसन्धानकाक्रममा उच्च प्रविधिको नर्सरी स्थापना गरी बाँझो तथा खाली जमिनमा वृक्षारोपण तथा जडीबुटी खेती विस्तार कार्यक्रमका लागि रकम भुक्तानी भए पनि नर्सरी नै प्रयोगमा नल्याइएको अख्तियारद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ ।

यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्रको आरोपमा रुपन्देहीको केरवानी माध्यमिक विद्यालयका स्थायी शिक्षक दुर्गादत्त शर्माविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

शर्माले स्नातकोत्तर तहको नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी देवदह आदर्श बहुमुखी क्याम्पसको सहायक प्राध्यापक पदमा नियुक्ति लिएर अध्यापन गराउँदै आइरहेको पाएपछि बुधबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर भएको हुँदा आवश्यक सजाय दिन आयोगले माग गरेको छ ।

# महाशिवरात्रि पर्व व्यवस्थितरुपमा मनाउन सात उपसमिति गठन

**काठमाडौं/मस–** यही फागुन २५ गते शुक्रबार परेको महाशिवरात्रि पर्वलाई व्यवस्थित रूपमा सम्पन्न गर्न पशुपति क्षेत्र विकास कोषले सात वटा उपसमिति गठन गरी कार्य विभाजनसमेत गरेको छ ।

कोषले बुधबार पत्रकार सम्मेलन गरेर महाशिवरात्रिका लागि गठित उपसमितिले सुरक्षा व्यवस्था, स्वयंसेवक परिचालन, स्वास्थ्य शिविर, वातावरण तथा सरसफाइ, जुत्ताचप्पल व्यवस्थापन, चन्दन वितरण, मन्दिर प्राङ्गण तथा पूजा, आवास, भोजन तथा भौतिक पूर्वाधार, दर्शन मार्ग, पार्किङ तथा ट्राफिक व्यवस्थापन, साधुसन्तको सेवा एवं धार्मिक कार्यक्रम, सजावट तथा मेला बजारलाई निर्वाध सञ्चालन गर्ने जनाएको छ ।

यसैगरी महाशिवरात्रिका दिन राति २ बजेदेखि पशुपतिनाथ मन्दिरका चारैवटै ढोका खोली भक्तजनलाई सहज दर्शनका गराइने कोषका सदस्य सचिव राजुकुमार खत्रीले बताए । यस वर्षको महाशिरात्रिमा कम्तीमा २० लाख भक्तजनले पशुपतिको दर्शन गर्ने अनुमान गरिएको जानकारी दिए । पशुपति क्षेत्रमा गाजा, भाङ, मदिरा तथा मासु पूर्णरुपमा निषेध गरिएको छ ।

पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार महाशिवरात्रिका दिन पशुपति आउने भक्तजनका लागि एम्बुलेन्स सेवा, करिब छ सय सवयंसेवक, ७० वटा स्वास्थ्य शिविर, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका सुरक्षा अधिकारी परिचालन गरिनेछ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/१८ मा दर्ता भएको **प्रा.लि.नं. २४८८७९** को **सिटिमेड फार्मेसिया प्रा.लि.** को मिति २०८०/११/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

**सुचना प्रकाशित मितिः– २०८०/११/२४**

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब. २०८०/०८१ अन्तर्गत तपसिल बमोजिमको सिलबन्दि दरभाउपत्र आह्वान गरिएको हुदाँ सिलबन्दि दरभाउपत्र आह्वानको सुचना नगरपालिको Website, https://panchapurimun.gov.np// https://www.bolpatra.gov.np/egp/ मा रहेको सूचना बमोजिम रहेको सम्बन्धित सरोकारवालाहरुमा अनुरोध छ ।

**तपसिल**

| S. No. | Contract Identification No | *Description of Work* | Estimated Amount (NRS.) [Includive of VAT] | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PMO/SKT/NCB/ WORKS/ROAD/ 080/081-15 | *Construction of Chature Dahataal Road project* | Nrs. 1,54,50,237.54 | Nrs. 3,45,000 | 90 Days | 3000 | |

**प्रमुख प्रशासकिय अधिकृत**

## Invitation for Bids
## Kamalamai Municipality
## Office of the Municipal Executive
**Sindhuli**
**Bagmati Province, Nepal**

### Invitation for e-Bids for the works specified in the table hereunder.

**Date of publication: 2080-11-24 (7th March, 2024)**
**Contract ID No: KMU/SIN/Goods/NCB/ 21/080/081**

1. The Kamalaai Municipality, Office of The Municipal Executive, Sindhuli invites electronic bids from eligible bidders for the Procurement, Supply & Installation of High Mast Light With Road Surveillance System under National competitive bidding – Single Stage Two Envelope procedures The Estimated Amount for the goods is NPR. 2,650,431.59 (Excluding VAT)
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli, Contact No.: 00977-47-520251, e-mail: kamalamaimun.pidsection@gmail.com or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

   Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank : Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office : Kamlamai Municipality, Office of the Municipality, Sindhuli**
   **Office Account Name : KAMALAMAI NA.PA.(GA-1-1) - AANTARIK**
   **Office Account no. : 1060100301010003**
4. Pre-bid meeting shall be held at Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli at 31st March, 2024.
5. Electronic bids must be submitted to the office Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli through PPMO's e-GP system P.M.www.bolpatra.gov.np/egp on or before 12:00 P.M. on 7th April,2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 P.M. on 7th April, 2024 at the office of Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli. Bids must be valid for a period of 30 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 75,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employers reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**(Chief Administrative Officer)**


## QATAR मा बैदेशिक रोजगारको अवसर

Company: TARTOOS FOR CONTRACTING & AMP CLEANING CO. W. L. L., Qatar, Doha

पूर्व स्वीकृती मिति: २०८०/११/२३ चलानी नं. ६०२१६०७१ LT No.: 301138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 00 | 19 | 1000 | ३६,३३६।- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 25 | 00 | 1000 | ३६,३३६।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 3 | Driver | 05 | 00 | 1500 | ५४,५०५।- | | ८ घण्टा | ६ दिन | | छ | छ | |

अन्तरवार्ता २०८० चैत्र १ देखि ३ (14 to 16 March, 2024) गतेसम्म यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

MARVELOUS EMPLOYMENT NEPAL
Lic.No. 065/051/052
AN ISO 9001-2008 Certified Company
**मार्भलस इम्प्लोएमेन्ट नेपाल प्रा. लि.**
काठमाण्डौ-३४, शान्तिनगर, काठमाण्डौ,
फोन: ०१ – ४६२०९२९, ४६२११७६

## UAE मा वैदेशिक राजगार | कम्पनी: ROYAL CATERING SERVICES LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०८/२३ चलानी नं.: ६०१९२९४५ L.T. No.: 277326 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 20 | 15 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 10 | 0 | | 1200 | ४३,२३६ | | | | | | | |

## OMAN मा वैदेशिक रोजगार | कम्पनी: AL RAWAHI AL RAQIYA ENT शहर: Oman

पूर्व स्वीकृत मिति: २०८०/०६/३० चलानी नं.: ६०२०९२०६ L.T. No.: 294151 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 150 | ५१,५५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १ गते (14 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL** Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Itahari : 9816368105 | 9810591900, Janakpur: 9801046354 | 9801046355
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com
| like us on facebook.com/naukri.nepal

## MALAYSIA मा रोजगार | कम्पनी : GOLDFORM CORPORATION SDN BHD शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०८०/११/२३ चलानी नं.: ६०२१६०४० LT. No.: 301142

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Livestock Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मिति २०८० चैत १ गते (14 March 2024) मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**काबेली ह्युमन रिसोर्स प्रा. लि.**
Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं ,नेपाल, फोन: ४११३६०७, फ्याक्स: ४११३६०७




मध्यान्ह
www.madhyanhadaily.com

२४ फागुन २०८०, बिहीबार
7 March 2024, Thursday

## सम्पादकीय

# देउवाले लिनुपर्ने दायित्व

छैंटौपटक प्रधानमन्त्री बन्नेमा ढुक्क नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा आक्रोशित देखिएका छन् । सोमबार नै पदाधिकारी बैठक राखेर नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई धोकेबाजको संज्ञा दिएका देउवाले लगत्तै गतिविधि बढाएका छन् । बुधबार नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई भेटेर साथ मागेका थिए । लगत्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरलाई भेटे । दिउँसो ठाकुर सहित जनमत पार्टीका अध्यक्ष महन्थ ठाकुर र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रेशम चौधरीलाई आफ्नै निवासमा बोलाएर छलफल गरे । यी सबै नेतालाई देउवाले साथ मागेका छन् । नेताहरूका अनुसार, देउवाले अहिलेको सरकार बदलिने र बदल्न लाग्ने बताएका छन् । संसद्को सवैभन्दा ठूलो दलका सभापतिले लिने मूभले पक्कै पनि आगामी राजनीतिलाई असर पार्नेछ ।

गत वर्षको संसदीय चुनावको नतिजाले हङ पार्लियमेन्ट बनाएकाले अर्को गठबन्धन नबन्ने निश्चित छैन । त्यो भनेको जुनसुकै बेला अहिलेको गठबन्धनलाई अल्पमतमा पार्ने खेलमा देउवा सफल पनि हुन सक्छन् । तर त्यसले मुलुकलाई दिने नतिजा केही पनि हुँदैन । एउटा सरकारको विकल्पमा अर्को सरकार मात्रै हुनेछ । बरू मुलुकले खेप्नुपर्ने समस्या बढ्नेछ । बितेको एक वर्ष आफैमा अस्थिर बन्न पुग्यो । कोशी प्रदेशमा त नयाँ सरकार बनाउनु संवैधानिक संकट नै आइसकेको छ । वर्षदिन भित्रै पाँच वटा सरकार बनिसकेको कोशी अव कसरी अगाडि बढ्छ भन्ने अनिश्चित छ । बाँकी प्रदेशहरूमा संकट कायमै देखिन्छ । यस्तो बेला परिपक्क, अनुभवी र सवैभन्दा ठूलो दलले सत्ताकै चलखेलतिर लाग्दा वर्तमान संविधान, व्यवस्था र मुलुकले चर्को मूल्य भोग्नुपर्ने हुन सक्छ ।

पक्कैपनि संसदीय अभ्यासमा सभापति देउवा र कांग्रेसलाई सरकारमा जाने प्रयत्न गर्ने संवैधानिक छुट छ । सवैभन्दा ठूलो दल भएकाले सरकार बनाउने अधिकार पनि छ । तर त्यस्तो खेलले निम्त्याउने नतिजाबारे पनि ध्यान दिनु आवश्यक छ । यसको अर्थ अहिलेको सरकारको पक्षधरता लिएको होइन । जसरी एक वर्ष अवधि बित्यो, त्यो आफैमा सही होइन । एउटै दल एकै वर्षभित्र दुईपटक सत्तारूढ हुनु र प्रतिपक्षी बन्नु अस्थिरताकै सूचक हो । तर त्यस्तो सूचक बदल्ने दायित्व कांग्रेसको कोर्टमा आइपुगेको छ । सभापति देउवाले मुलुक, जनता र व्यवस्थालाई हेरेर आगामी यात्रा चाल्न जरूरी छ । किनकि लोकतन्त्रमा कुनैपनि सरकार सधैंका निम्ति हुन्न, जनमत फेरिन्छ भने सरकारमा जाने अवसर पनि पटकपटक आउनेछ ।

# स्वास्थ्यप्रति हुनुपर्ने सजगता

*प्याकेटमा राखेका खानेकुराहरूको स्वाद बढाउने कुरा नै विभिन्न किसिमका रासायनिक पदार्थ र चिल्लो पदार्थ हुन् । यिनले खानेकुरा प्याकमा राखेपछि लामो समय बिग्रन दिँदैन । त्यसैले प्याकेटमा भएका खानेकुरा सधैँ ताजा जस्तै त देखिन्छन्, तर वास्तवमा यी हानिकारक नै हुन्छन् ।*

अग्रलेख



● डा अरूणा उप्रेती

दश वर्ष पहिले नै पत्रिकाहरूमा स्वास्थ्यका बारेमा एउटा महत्वपूर्ण समाचार छापियो, 'बजारी खानेकुरा स्वास्थ्यलाई घातक' । यस्ता खानेकुराले मोटोपन बढाउने र क्यान्सर गराउन सक्ने भनेर समाचार दिइएको थियो । क्यान्सर रोगका बारेमा लामो समय काम गर्दै आएका डाक्टरहरूले यो विषयमा बोलेका थिए तर, विभिन्न सञ्चारमाध्यमले यो समाचार त्यति महत्वका साथ प्रचारप्रसार गरेनन् । यस्ता तयारी बजारका खानेकुरामा विभिन्न किसिमका चाउचाउ, पिज्जा, बर्गरजस्ता आकर्षक देखिने खानेकुराहरू पर्छन् ।

जतिबेला पत्रिकामा यो खबर निस्किएको थियो, त्यस समाचारको फोटोकपी नक्साल नजिकैको एकजना चौधरी भाइको पसलमा कसैले छाडेको रहेछ । त्यही बेलामा ती चौधरी भाइको सानो नानीलाई उनकी आमाले स्कूल जाने बेलामा स्कूलको टिफिनमा "खानेकुरा बनाउन भ्याएन, यही नै लैजाउ" भनेर एक चाउचाउ हालिरहेकी ती महिलालाई त्यो फोटोकपी एकप्रति दिइयो । उनले कनिकुथी गरेर पढिन् र 'क्यान्सर' शब्द पढेपछि त उनी छोरालाई हेर्न थालिन् । अनुहार अँध्यारो भयो तर, छोराबाट उनको खाजा चाउचाउ लिन सकिनन् । "आजलाई भयो, अब के गरुँ त मान्दैन," उनले भनिन् ।

घरपरिवारका मानिसले प्रायः आजको भोलि नै कुनै समस्या नहुने भएकाले यसरी खाना खाँदैमा केही खराबी हुँदैन भन्ने ठान्छन् तर, जसरी चुरोट र रक्सीले आजको भोलि नै नराम्रो प्रभाव पार्दैन, त्यसैगरी यसरी खाइने पिज्जा, बर्गर, चाउचाउले पनि एकै दिनमा नराम्रो प्रभाव पार्दैन । चुरोट र रक्सी चाहिँ बच्चाले माग्यो वा झगडा गर्‍यो भनेर कुनै पनि आमाबाबुले बालबालिकालाई दिँदैन भने यसरी तयारी खानेकुरा मात्रै दिने किन होला ? भन्ने प्रसङ्ग उठ्छ नै ।

यस विषयमा झण्डै २५ वर्षअघि रजनी जोशीले आफ्नो स्नातकोत्तरको शोधपत्रमा यस्तै विषयमा अध्ययन गरेकी थिइन् । प्रायः महिलाले यो स्वास्थ्यकर हुन्छ भनेर विज्ञापन आउँछ, त्यसैले राम्रो होला भनेर दिएको वा समय नभएकाले किनेर प्याकेटमा दिएपछि भइहाल्ने भनेर वा बच्चालाई एकदम मनपर्छ र बच्चाले खान्छु भनेर, झगडा गर्छ, अरूले खाएको देखेपछि उसलाई खान मन लाग्छ अनि कसरी नदिने ? आदिजस्ता उत्तर आएका थिए । अहिले पनि आमाबाबुलाई सोध्यो भने त्यसैगरी उत्तर आउँछ होला र अहिले त्यसमा सित्तैमा उपहार पाइने भनेर जोडिएपछि बालबालिकाहरू झन् होमिएर किन्छन् र उनीहरूको खाजा, खाना सबै त्यही बन्छ ।

यस्ता खानेकुराहरूले मोटोपन र क्यान्सर दुईवटै असर गर्छन् र मोटोपन फेरि आफैंमा अनेकथरिका समस्या सिर्जना गर्न सक्छ । सानो उमेरको माटोपन भएकाहरूको पछि मुटुको रोग, चिनी रोग आदिजस्ता समस्या त हुन्छन् नै । मोटोपन कारणले गर्दा पछि ढाड र घुँडा दुख्ने समस्या आउँछ । यसका साथै यस्ता तयारी चाउचाउहरूको खानाका कारणले हरियो तरकारी, भात, रोटी, दालजस्ता पोषणयुक्त खानेकुरा खान त्यति मन लाग्दैन । अनि त्यसपछि विभिन्न किसिमका भिटामिनहरूको कमी हुन जान्छ । यस्ता तयारी खानेकुराहरूको विषयमा र त्यसले पर्ने नकारात्मक असरहरूका बारेमा बालरोग विशेषज्ञहरूले लेख्दै आएका छन् ।

टेलिभिजन, रेडियोहरूमा जसरी पैसा तिरेर यस्ता खानेकुराहरूका बारेमा विज्ञापन आउँछ, त्यसैगरी स्वास्थ्यका खानेकुराका बारेमा कतै विज्ञापन आउँदैन । नेपालका डाक्टरहरूले मात्र होइन, विश्वभरिका डाक्टरहरूले बच्चाहरूले खाने तयारी खानेकुराको विज्ञापन र त्यसको विरोधमा बोलिरहेका छन् । तयारी खानेकुरामा रहेको नुन, बोसो, चिनी आदिले बच्चाहरूलाई सानैदेखि अस्वस्थ्यकर खानेकुरा र क्यान्सरका लागि जग बस्छ भनेर लेखेका छन् ।



*सानोको जग नै गलत बसेपछि, शरीर सानैदेखि कमजोर हुन्छ र ठूलो भएपछि अनेक थरिका रोगहरू लाग्न थाल्छन् । यदि साना–साना नानीहरूलाई उनीहरूले बुझ्ने भाषामा यस्ता खानेकुराहरूले बिगार गर्छन् भनेर बुझाइयो र छलफल गरियो भने समस्या हुँदैन । तर त्यतातिर ध्यान नदिँदा समस्याहरू बढिरहेका छन् ।*

अष्ट्रेलियाको क्यान्सर परिषद्का एकजना सदस्य डा. टेरी स्लेमिनले भनेका छन्, "विभिन्न किसिमका विज्ञापनहरूमा बालबालिका प्रयोग गरेपछि बालबालिकाले त्यस्ता खानेकुरा चाहन्छन् । बच्चाहरूलाई यस्तो बानी परेपछि उनीहरूलाई त्यो आवश्यक हुन्छ । अष्ट्रेलियाको क्यान्सर परिषद्ले त्यहाँको सरकारलाई यसरी विभिन्न किसिमका प्याकेटका तयारी खानेकुराको विज्ञापनमा जथाभावी बालबालिकालाई प्रयोग नगर्नका लागि नियम बनाउन आग्रह गर्नेछ ता कि यस्ता खानेकुराहरूको प्रयोगले भविष्यमा हुने क्यान्सर बच्चालाई नलागोस् । यसरी तयारी खानेकुराहरूले बालबालिका र वयस्कलाई पनि क्यान्सरको खतरा निम्त्याउँछ । यसरी तयारी र प्याकेटमा राखेका खानेकुराहरूले महिलाको शरीरका चिनीको मात्र बढाउँछ । तौल बढाउँछ र स्तन क्यान्सर, पाठेघर क्यान्सर र मूत्रनलीको क्यान्सरको सम्भावना बढाउँछ । त्यस्ता तयारी खानेकुराहरूमा मैदा, बोसो र रासायनिक पदार्थ मिसिएको हुनाले यस्ता समस्या देखिन्छन् । ६५ हजार महिलामा १३ वर्षसम्म गरिएको अध्ययनअनुसार दुई हजार चार सय ७८ जना महिलाको महिनावारी रोकिएपछि पनि यस्ता खानेकुराहरूको प्रयोगले स्तनको क्यान्सरको खतरा बढाउन सक्छ । एक लाख ८८ हजार रजोनिवृत्ति भएका महिलालाई सोधिएको प्रश्नमा उनीहरूले कस्तो किसिमको खाना खान्छन् ? के ख्वाइन्छ भनेर अध्ययन गरिएको थिया । तीमध्ये जो महिलाले यसरी तयारी प्याकेटका खानेकुराहरू खाएको कुरा बताए । उनीहरूमध्ये ३५ हजारलाई स्तन क्यान्सर भएको देखियो ।"

बालबालिकालाई यस्तो खाना खान हुँदैन भनेर स्कूलमा शिक्षकले वा घरमा आमाबाबुले भन्दैनन् । कतिपयलाई त यस्ता खानेकुराहरूको खाए नराम्रो के हुन्छ र भन्ने धारणा हुन्छ । त्यही आमाबाबुले चुरोट खाने बालबालिका गाली गर्छन्, सम्झाउँछन् तर तयारी खानेकुरा, प्याकेटका चाउचाउ, विभिन्न किसिमका चिजबल्स र आदि खान उल्टै पैसा दिन्छन् । आमाबाबुलाई पनि यस्ता खानेकुराले पछि जीवनभरको रोग निम्ताउँछ भन्ने थाहा हुँदैन । "बालबलिकालाई हात धोएर खान खाउ नत्र बिरामी भइन्छ" भन्ने आमबाबुले "प्याकेटका खानेकुरा नखाउ, बिरामी भइन्छ भन्दैनन्" किनभने उनीहरूलाई यसको बारेमा कसैले पनि जानकारी दिएको छैन ।

क्यान्सर त एउटा समस्या भयो, त्यसैगरी हड्डीहरू कमजोर हुनु, मुटुका अरू रोगहरू हुनु पनि खानेकुरासँग जोडिएका छन् । सानोको जग नै गलत बसेपछि, शरीर सानैदेखि कमजोर हुन्छ र ठूलो भएपछि अनेक थरिका रोगहरू हुन थाल्छन् । यदि साना साना नानीहरूलाई उनीहरूले बुझ्ने भाषामा यस्ता खानेकुराहरूले बिगार गर्छन् भनेर बुझाइयो र छलफल गरियो भने समस्या केही हुँदैनन् । अमेरिकामा ३० प्रतिशत बच्चाहरू र ६० प्रतिशत बयस्कहरूमा मोटोपन रहेको पाइन्छ । यसको मुख्य कारण नै प्याकेटका खानेकुराहरू हुन् र यसले गर्दा प्रतिवर्ष १७१ विलियन डलर सरकारले खर्च गर्नुपर्छ ।

प्याकेटमा राखेका खानेकुराहरूको स्वाद बढाउने कुरा नै विभिन्न किसिमका रासायनिक पदार्थ र चिल्लो पदार्थ हुन् । यिनले खानेकुरा प्याकमा राखेपछि लामो समय बिग्रन दिँदैन । त्यसैले प्याकेटमा भएका खानेकुरा सधैँ ताजा जस्तै त देखिन्छन् तर, वास्तवमा यी हानिकारक नै हुन्छन् । मलेसियामा उपभोक्ता संघ आफैँले एक अध्ययन गरेर बताएको छ । संघले २००८ मा अप्रिल देखि जुनमा नेपाल, फिजी, सिङ्गापुर, भारत, चाइना, थाइल्यान्ड र इन्डोनेसियामा एक अध्ययन गरेको थियो । यस्ता खानेकुराहरूको प्रयोगले हाम्रा बालबालिक मानौं बमको अदृश्य गोलामा बसिरहेका छन् । यस्ता विज्ञापनहरू विभिन्न स्कूलमा गएर खिचिन्छ, बालबालिकालाई लोभ्याइएका र फेरि उनीहरूलाई नै यस्ता प्याकेटका खानेकुरा खान दिएर बालबालिकाको पढाइस्तर कमजोर देखियो ।

तयारी खानाले बालबालिकाको शारीरिक र मानसिक दुवै रुपमा कमजोर बनाउने हुँदा यसतर्फ सबैको ध्यान जानु आवश्यक छ । बालबालिकाले तयारी खाना खाँदा उनीहरूलाई रोग हुने कारणले यस्तो बानीका लागि विभिन्न किसिमका विज्ञापनले प्रेरित गर्ने र बालबालिकाले खाएको देखेर विज्ञापनको नक्कल गर्ने हुनाले अष्ट्रेलियाको चिकित्सक संघले यसरी खानेकुराको विज्ञापन गर्न नै प्रतिबन्ध लगाउन माग गरेको छ । यसरी अन्य देशका डाक्टरहरूले बालबालिकाको स्वास्थ्यका लागि आवाज उठाइरहेका बेलामा नेपाली चिकित्सकहरू र स्वास्थ्यकर्मीले पनि आवाज उठाउनुपर्ने देखिन्छ ।

**(लेखक जनस्वास्थ्यविद् हुन् ।)**

## सामाजिक सञ्जाल



**- मधुरमण आचार्य**

संघमा सरकार फेरबदल हुँदा प्रदेशमा पनि गर्ल्यामगुर्लुम ढल्ने ! प्रदेशको नाम राख्न र राजधानी तोक्न सहमति जुटाउन केन्द्र धाएर नेता गुहार्नु पर्ने ! मुख्यमन्त्रीलगायत केन्द्रले नै तोक्ने ! वडाध्यक्षसम्मको टिकट केन्द्रका नेताले गोजीबाट दिने ! गजबको मोडल लागू गरेछन् ! संघीयताको !



**- प्रकाश तिमिल्सिना**

संक्रमणकालिन न्याय निरूपणमा एमाले र माओवादी 'सहमत' भएर मात्र हुँदैन, सर्वोच्चको फैसलासँग मेल खानुपर्छ अनि भारत, अमेरिका, इयु मात्र होइन, नेपाली कांग्रेस पनि 'कन्भिन्स' हुनुपर्छ । यसैले गराउँछ, गराइरहेको छ सरकार उथलपुथल । यो मूल कुरा छाडेर राजनीति अन्त जाँदैन ।



**- रोशन शिबाकोटी**

हिजोसम्म कांग्रेसका महामन्त्रीसहितका नेताहरू अब जिम्मेवार प्रतिपक्ष बन्छौ, कसैलाई प्रधानमन्त्री अफर गरेको छैन, आफ्नै बलबुतामा उभिन्छौ भन्थे, आज त वैशाखी खोज्न माकुनेका पुगिसकेछन् । एकदिन पनि नटिक्ने गफ किन जोत्नु । गफाडीलाई नेता बनाएर देश बनाएको उदाहरण अब नेपालले विश्वसामु दिनुपर्छ ।



**- अनिल गिरी**

देउवालाई अक्षम घोषणा गर्दा पनि कांग्रेसलाई थाहा हुन्न । देउवासँग भात खान भनेर हिँडेका मान्छे बालकोट पुगेर पिएम भैसक्दा पनि पत्तो हुन्न । प्रचण्डसँग एक साल लुटुपुटु गर्दा लाली, काली, तालिहरूलाई केही सुइँको हुन् ? यस्तो गरीब सूचनाले देश कसरी चलाउछौ ए कांग्रेसी हो ?

# शेयर बजारमा बढ्दो आकर्षण

विचार



● नरेन्द्रमान श्रेष्ठ

पछिल्लो समयमा शेयर बजारप्रति निकै आकर्षण बढेको छ । शेयर बजारमा नयाँ-नयाँ लगानीकर्ताहरू धमाधम देखा परिरहेका छन् भने विभिन्न कम्पनीहरूको प्राथमिक शेयरहरू पनि जारी हुने क्रम बढिरहेको छ । पछिल्लो समयमा बैंक वित्तीय संस्था, बीमा कम्पनी, हाइड्रोपावरलगायतको मात्र नभएर सञ्चार क्षेत्रको पनि प्राथमिक शेयरहरू जारी हुन थालेका छन् ।

पछिल्लो समयमा सञ्चार क्षेत्रबाट नेपाल रिपब्लिक मिडियाको प्राथमिक शेयर जारी भइसकेको छ । त्यसो त कान्तिपूर नेटवर्क र डिसहोम मिडियाले पनि आइपिओ शेयर जारी गर्ने तयारी गरिरहेका छन् । सञ्चार क्षेत्रबाट पहिला आइपिओ जारी गर्नेमा नेपाल रिपब्लिक मिडियाले बाजी मारेको त छ नै नेपाल रिपब्लिक मिडियाको शेयर दोस्रो बजारमा पनि निरन्तर कारोबार भइरहेको छ ।

